# बारागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# खोपवा, बारा

## प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**गाउँपालिकाबाट स्वीकृत मितिः२०७५/१२/१५**

**राजपत्र प्रकाशन मितिः २०७६/०१/२०**

**प्रस्तावनाः** प्रस्तावना : नेपालको संविधानको अनुसूचि ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानुन बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बारागढी गाउँपालिकाको मिति २०७५।१२।१५ गतेको तेस्रो गाउँ सभाले स्वीकृत गरि यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(क) यो ऐनको नाम "बारागढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ ।

(ख) यो ऐन राजपत्रमा प्रकाशन भएपछि बारागढी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले बारागढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बारागढी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले बारागढी गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको गाउँ सभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. नियम बनाउने अधिकार : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सकनेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानुन बमोजिम गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्ने :**

(१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही बारागढी गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

प्रमाणिकरण मितिः २०७५/१२/२७

**आज्ञाले**
आमोद चौधरी
प्रमुख प्रशासकीय अधिकृत